# स्थानीय राजपत्र

खण्ड १) गोल्जुङबेशी रसुवा भाग २ मिति २०८०।१२।२० (अतिरिक्ताङ्क २३)

## भाग-२

## आमाछोदिङमो गाउँपालिकाको सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले आमाछोदिङमो गाउँपालिकाको नदीजन्य पदार्थको अमानतबाट कर संकलन गर्ने सम्बन्धी कार्यविधि, २०८० बनाई सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आमाछोदिङमो गाउँपालिकाको नदीजन्य पदार्थको अमानतबाट कर संकलन गर्ने सम्बन्धी कार्यविधि, २०८०**

**प्रस्तावना**

आमाछोदिङमो गाउँपालिका भित्रका खोला तथा आसपासका खहरेहरुबाट संकलन र उत्खनन् हुने नदीजन्य पदार्थ (ढुंगा, गिटी, बालुबा, आदि) को उचित

आमाछोदिङमो स्थानीय राजपत्र

व्यवस्थापन गरी विक्री वितरण गर्न र सार्वजनिक निर्माण कार्यलाई सहज बनाउनको लागि सम्बन्धित खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) स्वीकृत भई ठेक्का बन्दोबस्त नभए सम्मको लागि आमाछोदिङमो गाउँपालिकाले अमानतबाट कर संकलन सम्बन्धी कार्य गर्नको लागि आमाछोदिङमो गाउँ कार्यपालिकाले यो कार्यबिधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : १) यस कार्याविधिको नाम आमाछोदिङमो गाउँपालिकाको नदीजन्य पदार्थको अमानतबाट कर संकलन गर्ने सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) “अध्यक्ष" भन्नाले आमाछोदिङमो गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

ख) “उपाध्यक्ष” भन्नाले आमाछोदिङमो गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ग) “गाउँपालिका” भन्नाले आमाछोदिङमो गाउँपालिका सम्झनु पर्छ ।

घ) “बडा अध्यक्ष” भन्नाले आमाछोदिङमो गाउँपालिकाको वडाध्यक्ष सम्झनु पर्छ ।

ङ) “मापदण्ड” भन्नाले ढुंगा गिटी बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०८० सम्झनुपर्दछ ।

च) “नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनाराबाट उत्खनन् गरिएको ढुंगा, गिटी, बालुबा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनुपर्दछ ।

३. अमानतबाट कर संकलन सम्बन्धी व्यवस्था १) गाउँपालिकाले प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन बमोजिम ठेक्का बन्दोबस्त नभए सम्मको लागि अमानतबाट प्रचलित दररेटमा कर संकलन गर्नेछ

क। प्रदेश आर्थिक ऐनमा तोकिएको दररेट मा १३ प्र.श. मु.अ.कर समेत समावेश गरी कर संकलन गरिनेछ ।

ख) यसरी मु.अ. कर बापत जम्मा भएको रकम प्रत्येक चौमासिकमा नेपाल सरकारको सम्बन्धित राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

ग) प्रारम्भिक बातावरणीय अध्ययन प्रतिवेदनको म्याद समाप्त भएको अवस्थामा नयाँ प्रतिवेदन तयार नभए सम्मको लागि तत्काल अघि कार्यान्वयन भएको प्रतिवेदनलाई आधार मानेर क्षेत्र तथा परिमाण निर्धारण गर्न सकिनेछ ।

घ) नदीजन्य पदार्थको उत्खनन् गर्दा श्रममुलक प्रविधिको उपयोग गरी घरेलु हाते औजार (कुटो, कोदालो, साबेल आदि) मात्र प्रयोग गर्न सकिनेछ। मेशिन प्रयोग गर्नुपर्ने अवस्थामा बातावरण संरक्षण ऐन, २०७६ र तत् सम्बन्धी नियमावली, मापदण्ड, प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

ङ) नदीजन्य पदार्थको उत्खनन् र संकलन कार्य विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म मात्र गर्न सकिनेछ ।

च) नदीजन्य पदार्थ संकलन गर्दा गाउँपालिकाले तोकेको प्राविधिकले गरेको रेखांकनभित्रबाट मात्र गर्नुपर्नेछ ।

छ। उत्खनन्, संकलन र विक्री वितरण कार्यमा बालश्रमको प्रयोग गर्न पाइने छैन।

ज। उत्खनन् र संकलन कार्यमा संलग्न कामदारहरुले अनिवार्य सुरक्षा सामाग्री लगाई कार्य गर्नुपर्नेछ । सुरक्षा सामाग्री प्रयोग नगरी कार्य गरे वा वर्षात्को समयमा खोलाले बगाई मानवीय क्षति हुन गएमा सोको जिम्मेवार अनुमति प्राप्त समूह र स्वयं कामदार हुनुपर्नेछ ।

आम्पाचौँदिङमा स्थानीय राजपत्र

झ) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा तोकिएको परिमाण र गहिराई भन्दा बढी उत्खनन् गर्न पाइनेछैन ।

ञ) खोलाको बहाब परिवर्तन हुने गरी नदीजन्य पदार्थको उत्खनन् र संकलन गर्न पाइने छैन ।

४. उत्खनन्, संकलन र बिक्री वितरण प्रकृयाः १. गाउँपालिका भित्रका खोला एवं आसपासका खोल्साहरुबाट वर्षात्को समयमा बगाई ल्याएको ढुंगा, गिटी, बालुवा लगायतका नदीजन्य सामाग्री उत्खनन्, संकलनबाट निस्केको सामाग्री एवं गत वर्षको मौज्दात नदीजन्य सामाग्रीहरुको शुल्क देहाय बमोजिम अशुल उपर गरिनेछ ।

क) वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत भई ठेक्का सम्झौता नभए सम्मको लागि गाउँपालिकाले अमानतबाटै कर संकलन गर्नेछ ।

ख) कर संकलन गर्दा नाका पहिचान गरी कर्मचारी खटाइनेछ ।

ग) बर्षातको समयमा बगाइ ल्याएको नदीजन्य पदार्थ उत्खनन् र संकलनको लागि इच्छुक व्यक्तिहरुले सम्बन्धित बडाको सिफारिस साथ गाउँपालिका समक्ष अनुमतिको लागि निवेदन दर्ता गराउन सक्नेछन् । यसरी निवेदन दिंदा आफुले संकलन गर्न चाहेको क्षेत्र, परिमाण र समय सीमा तोकि अनुमति माग गर्नुपर्नेछ ।

घ) अनुमति माग भएको कागजात पेश भएपछि देहायको समितिबाट उत्खनन् क्षेत्र, उत्खनन् परिमाण, प्राथमिकता समेतको आधारमा आवश्यक जाँचबुझ गरी अध्यक्ष समक्ष अनुमतिको लागि सिफारिस गर्नेछ ।

१. गाउँपालिका उपाध्यक्ष — संयोजक

२. पूर्वाधार विकास शाखा प्रमुख — सदस्य

३. बातावरण तथा विपद् व्यवस्थापन इकाई/

४. राजश्व शाखा प्रमुख सदस्य सचिव

ङ) उक्त समितिको सिफारिस बमोजिम अध्यक्षले प्रारम्भिक बाताबरणीय परिक्षण प्रतिवेदनले तोकेको क्षेत्र भित्र उत्खनन् तथा संकलनको परिमाण, समय अवधि तोकी अनुसूची १ बमोजिमको ढाँचामा अनुमति दिन सक्नेछ ।

च। जुन दिन नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरेको हो, सोही दिन बिक्री वितरण गर्ने व्यवस्था अनुमति प्राप्त समूहले मिलाउनु पर्नेछ ।

२. राष्ट्रिय गौरवका आयोजना र गाउँपालिकाबाट सन्चालित आयोजनाहरुको हकमा ढुंगा, गिटी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ बमोजिम हुनेछ ।

५. नदीजन्य पदार्थको ओसार पसार सम्बन्धी व्यवस्थाः १) संकलन भएको नदीजन्य पदार्थको ओसार पसार गर्दा गाउँपालिकाको आर्थिक ऐन बमोजिमको दरमा थप लोड खर्च गाउँपालिकाबाट मिलाउनुपर्नेछ ।

२. नदीजन्य पदार्थ ओसार पसार गर्ने सवारी साधनलाई अनुमति प्राप्तकर्ताले अनुसूची २ बमोजिमको निस्सा उपलब्ध गराउनु पर्नेछ। उक्त निस्सा र कर तिरेको रसिद एक प्रति सवारी चालकले सुरक्षित राखी चेक जाँचको समयमा देखाउनु पर्नेछ ।

३. त्यसरी निस्सा र कर तिरेको रसिद नलिई हिडेका सवारी साधनलाई सुरक्षाकर्मीले जाँचपड्ताल गरी आवश्यक कारबाहीको लागि गाउँपालिकामा बुझ्झाइदिनु पर्नेछ ।

६. अनुगमन सम्बन्धि व्यवस्था १) ढुंगा, गिटी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ९ को उपदफा ७ बमोजिम गाउँपालिकामा नदीजन्य पदार्थको उत्खनन्, बिक्री र व्यवस्थापन कार्य यस

कार्यविधि र बातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न देहायको स्थानीय अनुगमन समिति गठन गर्ने ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. वडाअध्यक्षहरु | सदस्य |
| ५. प्रमुख प्रशासन शाखा/राजश्व शाखा | सदस्य |
| ६. प्रमुख इलाका प्रहरी कार्यालय, थम्बुचेत | सदस्य |
| ७. प्रमुख पूर्वाधार विकास शाखा, | सदस्य सचिव |

७. नियम विपरित गर्नेलाई कारबाही हुने बाताबरण संरक्षण ऐन, २०७६ र तत् सम्बन्धी नियमावली, मापदण्ड, बातावरणीय परिक्षण प्रतिवेदन एवं यस कार्यविधिको विपरित कार्य गर्नेलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

८. अनुसूचीमा हेरफेर गर्न सकिने यो कार्यविधिमा प्रयोग भएका अनुसूचीमा कार्यपालिकाले आवश्यक हेरफेर गर्न सक्नेछ ।

९. बाधा अड्काउ फुकाउने यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१०. प्रचलित कानून बमोजिम हुने यस कार्यविधिमा लेखिएका कुराहरु बाहेक अन्य कुराहरुको हकमा बातावरण संरक्षण ऐन, २०७६ एवं प्रचालित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची १

(कार्यविधिको दफा ४(१) ज. संग सम्बन्धित)

आमाछोदिङमो गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, गोल्जुङबेशी रसुवा

## नदिजन्य पदार्थको इजाजत पत्र

इजाजत/चलानी न.

मिति :

१. संकलन/उत्खनन् गर्न अनुमति प्राप्त गर्ने व्यक्तिको:

नाम :

ठेगाना :

सम्पर्क नं.

२. संकलन गर्ने स्थानः

ठेगाना :

नदी/खोलाको नाम :

चारकिल्ला

पूर्व :

पश्चिम :

उत्तर :

दक्षिण :

लम्बाई :

चौडाईः

३. IEE मा उल्लेखित संकलन क्षेत्रः

४. उत्खनन् अनुमतिको परिमाण (घन फिट)ः

५. प्रवेश वा निकाशी गर्ने नाका वा स्थानको नाम :

६. निकाशीमा प्रयोग हुने सवारी साधनको बिबरण :

आमाछोदिङमो स्थानीय राजपत्र

७. अनुमति अवधि मिति ..............................देखि..........................................सम्म (विहान ६ बजेदेखि

बेलुकी ६ बजेसम्म)

**बोधार्थ**

श्री ............................

............................

बुचुङ तामाङ

अध्यक्ष

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसुची २

(कार्यविधिको दफा ५(२) संग सम्बन्धित)

संकलन अनुमति प्राप्त व्यक्तिने भर्ने :

१. सामान ढुवानी गर्ने साधनको नाम :

२. गाडि नं.

३. समय :

४. सामाग्रीको परिमाण (घन फिट)...

५. सामाग्री लैजाने स्थान :

६. चालकको नाम :

७. आमाछोदिङमो गाउँपालिकाबाट प्राप्त अनुमति पत्रको इजाजत नं / चलानी नं मिति

अनुमति प्राप्त व्यक्तिको नाम :

दस्तखत :

मिति :

सम्पर्क नं.

आज्ञाले

गोपाल प्रसाद दुलाल

प्रमुख प्रशासकिय अधिकृत

आमाछोदिङमो स्थानीय राजपत्र